का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक ३३१
❒ १० माघ २०७८, सोमबार
❒ 24 January 2022, Monday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## सत्ता स्वार्थ

# चुनावबाट भाग्दै गठबन्धन

स्थानीय तहको चुनाव आउने वैशाखमा गराउनेतिर नलागेर सत्ता साझेदार दलका नेताहरू ऐन संशोधन गराउने गृहकार्यमा जुटेका छन् । आफू निकट कानून व्यवसायीसँग परामर्श गरेर सत्तारुढ दलहरुले वैशाखमा चुनाव नगराउने प्रष्ट संकेत दिएका छन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ माघ ।

सत्ता साझेदार दलहरुले वैशाखमा स्थानीय चुनाव नगराउने प्रष्ट संकेत दिएका छन् । आइतबार आफू निकट कानून व्यवसायीसँग परामर्श गरेर सत्ता साझेदार दलका नेताहरुले वैशाखमा चुनाव नगराउने सन्देश दिएका हुन् । नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी (जसपा) का नेता बाबुराम भट्टराईले आफू निकट कानून व्यवसायीहरुसँग छलफल गरेका थिए ।

छलफलमा कानून व्यवसायीहरुले स्थानीय तहको चुनावसँग सम्बन्धित ऐन संशोधनको सुझाव दिएको सरकारका प्रवक्ता एवम् सञ्चार मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बताए । कार्कीको भनाइ थप प्रमाणित गर्दै पूर्व महान्यायाधिवक्ता रमण श्रेष्ठले स्थानीय तह चुनावसँग सम्बन्धित ऐन संविधानसँग बाझिएको बताए ।

संविधानको धारा २२५ ले जनप्रतिनिधिको कार्यकाल सकिएको ६ महिनाभित्र चुनाव गराउनुपर्ने उल्लेख गरेको छ । तर स्थानीय तह निर्वाचन ऐनले स्थानीय तहको चुनाव भएको पाँच वर्ष पुगेको सात दिनभित्र नयाँ जनप्रतिनिधिले शपथ लिइसक्नुपर्ने व्यवस्था गरेको छ । संविधानको धारा २०१५, २२० र २२५ ले जनप्रतिनिधिको कार्यकाल पाँच वर्ष भनिएको, तर

– बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | ६,४६२ |
| परीक्षण | १७,४३७ |
| मृत्यु | ४ |
| निको हुने | १४१६ |

## एकैपटक सबै चुनाव

# कति सम्भव ?

सत्ता साझेदार दलहरु स्थानीय चुनाव वैशाखमा गराउनुको साटो तीनै तहको चुनाव एकैपटक गर्ने प्रस्तावमाथि छलफलमा जुटेका छन् । तर निर्वाचन आयोग, संविधानविद् र राजनीतिक विश्लेषकहरु भने एकैपटक चुनाव सम्भव नरहेको बताउँछन् ।





**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ९ माघ ।

सत्ता साझेदार दलदलहरुभित्र तीनै तहको चुनाव एकैपटक गर्नेबारे छलफल चलिरहेको छ । सबै चुनाव एकैपटक गर्दा कम खर्चिलो हुने नेताहरुको तर्क छ । तर नेपाली काँग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा एकैपटक तीनै तहको चुनाव गराउनेबारे प्रष्ट हुन सकेका छैनन् ।


नेकपा एमालेका अध्यक्ष केपी ओलीले भने स्थानीय तहको निर्वाचन सार्ने धोखाधडी र बहानाबाजी स्वीकार्य नहुने बताएका छन् । "स्थानीय तहको निर्वाचन समयमै हुनुपर्ने विषयमा नेकपा (एमाले)को स्पष्ट, द्विविधारहित र दृढ अडान

– बाँकी पृष्ठ २ मा



"तीन तहको निर्वाचन एकैपटक गर भन्नु र निर्वाचन नगर भन्नु करिब-करिब उस्तै हो । राज्यका श्रोतसाधनको सीमितता र मतपत्रको आकारले नभ्याउने हुँदा यो विषय असम्भव नै देखिन्छ ।

■ **राजेश अहिराज**
विश्लेषक



"संविधानले न चाँडो (अर्ली) न ढिलो (डिले) तोकिएको समय मै निर्वाचन हुनु पर्ने व्यवस्था गरेको छ ।

■ **भीमार्जुन आचार्य**
संविधानविद्




राजधानी उपत्यकामा जोरविजोर प्रणाली लागू भएपछि भद्रकालीमा चेकजाँच गरिदै । तस्वीरः रासस

# संक्रमित बढ्दै, सतर्कता अभाव

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ९ माघ ।

मधेश प्रदेशमा कोरोना संक्रमणबाट सात जनाको मृत्यु भएको छ । सिरहामा तीन, सप्तरीमा दुई, महोत्तरीमा एक र बारामा एक जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । संक्रमित हुने दर पनि घटेको छैन । आइतबार मधेश प्रदेशमा १६७ जनामा संक्रमण पुष्टि भएको छ ।

आइतबार थपिएको सहित मधेस प्रदेशमा सक्रिय संक्रमित संख्या १,३९६ पुगेको छ । पीसीआर परीक्षण

●●●
भारतसँग सीमा जोडिएको मधेश प्रदेशमा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण बढेर गएपनि आवश्यकता सतर्कता अपनाइएको छैन ।
●●●

गरेको मध्ये ५० प्रतिशतमा संक्रमण पुष्टि हुने गरेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । स्वास्थ्यमा समस्या देखिएर आफैं परीक्षण गराउन आएका मध्ये संक्रमित हुनेहरूको संख्या बढी छ ।

अधिकांश संक्रमित होम आइसोलेसनमा छन् । १,४२८ मध्ये १,४१५ जना होम आइसोलेसनमा र बाँकी अस्पतालमा रहेको निर्देशनालायले जनाएको छ । जनकपुरधामस्थित प्रयोगशालामा १२२ पिसिआर परीक्षण गर्दा ४८ जना, राजबिराजस्थित प्रयोगशालामा २६ पिसिआर परीक्षण गर्दा १४ जना, सिरहास्थित

– बाँकी पृष्ठ २ मा

# शुरू भयो मौन अवधि

**काठमाडौं/मस–** १२ माघमा हुने राष्ट्रियसभा सदस्य चुनावका लागि मौन अवधि शुरु भएको छ । आइतबार राति १२ बजेदेखि मौन अवधि सुरु भएको हो । मौन अवधिमा निर्वाचन प्रचारप्रसार गर्न र मत माग्न नहुने निर्वाचन आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बक्तव्य जारी गरेर मौन अवधि शुरु भएको जनाएका छन् । "मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्छ, एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत समेत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइनेछैन", बक्तव्यमा उल्लेख छ ।

आयोगले मौन अवधिमा उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न नहुने भएको हुँदा आचरणहरु पालना गर्न/गराउन सबैसँग अनुरोध गरेको छ ।

निर्वाचनका लागि निर्वाचक मण्डलको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले प्रदेशसभा सदस्य, गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुखमा निर्वाचित भएको प्रमाणपत्रका आधारमा मतदान गर्न सकिनेछ ।

आयोगका अनुसार स्थानीय तह निर्वाचन, २०७४, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७४ र उपनिर्वाचन, २०७६ मा

– बाँकी पृष्ठ २ मा

## गृहले संशोधन गर्‍यो प्रावधान

# रोजगार व्यवसायीहरु सहजै खाडी तथा मलेसिया जान पाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ माघ ।

वैदेशिक रोजगार व्यवसायीहरू बजार प्रवर्द्धनका लागि सहजरूपमा खाडी मुलुक तथा मलेसिया जान पाउने भएका छन् । सरकारले कोरोना भाइरस संक्रमण र बढ्दो जोखिमका कारण भिजिट भिसामा मध्यपूर्वका विभिन्न मुलुक र मलेसिया भ्रमणमा माघ १० गतेदेखि रोक लगाउने आदेश जारी गरेको थियो । आइतबार आफ्नो पूर्व विज्ञप्ति संशोधन गर्दै गृह मन्त्रालयले वैदेशिक रोजगार व्यवसायीहरू बजार प्रवर्द्धनका लागि खाडीस्थित विभिन्न मुलुक र मलेसिया जान पाउने उल्लेख गरेको छ ।

संशोधित आदेशमा सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्ने सरकारी निकायका प्रतिनिधिहरु, बिरामी कुरुवा वा बिरामीको रेखदेखको

– बाँकी पृष्ठ २ मा




**वैदेशिक रोजगार विशेष**

## श्रममन्त्रीको सक्रियतामा साउदीमा अलपत्र युवाको उद्धार

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले साउदी अरवको जेद्धामा उपचारको अभावमा छटपटाइरहेका नेपाली कामदारको उपचार र उद्धारका लागि पहल गरेका छन् । उपचार पाउन नसकी आफू बस्दै आएको कोठामा नेपाली कामदार छटपटाइरहेको भिडियो सामाजिक सञ्जालमा आएपछि मन्त्री श्रेष्ठले त्यसबारे चासो

– बाँकी पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कार्यालयको लागि निम्न लिखित कर्मचारी आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।




म्यानेजर- १ जना (पुरुष/महिला)
डकुमेन्टेशन अफिसर- ४ जना (महिला)

योग्यताः Minimum +2 Passed, कम्प्युटर, अफिस प्रोग्रामका साथै ईमेल ईन्टरनेटमा दक्ष तथा अनुभवी Candidates हरुलाई विषेश प्राथमिकता दिईनेछ ।

अफिस सेक्रेटरी- १ जना महिला
रिसेप्सनिष्ट- २ जना महिला

तलबः आपसी समझदारीमा

योग्यताः सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ ।

**Kankai Recruitment Suppliers Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal. Tel. No.: 01-4954490
Mobile No.: 9851003485, 9851033617
Email: kankairecruitment4@gmail.com
website: www.kankairecruitment.com

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विज्ञप्ति**

नेपाल सरकार वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने ईजाजत पत्रवाला वैदेशिक रोजगार व्यवसायीहरुले वैदेशिक रोजगार ऐन २०६४ को अधिनमा रही वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीहरुलाई केही दिनदेखि स्वघोषित पत्रकार भनिने यूट्युवरहरु अनाधिकृतरुपमा व्यवसायीको कार्यालयमा प्रवेश गरी रकम माग गर्ने, रकम नदिएको खण्डमा विभिन्न ब्ल्याकमेल गर्ने, जवरजस्ती गर्ने, व्यवसायीलाई धम्क्याउने, कानूनलाई हातमा लिई आफै न्यायाधीश बन्ने, विभिन्न भिडियो बनाई व्यवसायीको चरित्र हत्या गर्नेजस्ता गैर कानूनी कार्यहरु दिनप्रति दिन बढी रहेको भन्ने गुनासाहरुप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसरी आफुलाई पत्रकार यूट्युवर भन्ने व्यक्तिहरु पत्रकारको इजाजत नलिएका, प्रेस काउसन्सिलमा दर्ता नभएका, जिल्ला प्रशासन कार्यालयमा पत्रपत्रिका समाचार प्रकाशन प्रसारण गर्न इजाजत नलिएका अनाधिकृत व्यक्तिहरु भएकाले आफुलाई युट्युवर पत्रकार भन्ने व्यक्तिहरु व्यवसायीको कार्यालयमा प्रवेश गरी भिडियो बनाउने हुल-हुज्जत गरेमा, कुनै कम्पनीमा आई वार्गेनिङ, हुल हुल्जत गरेमा नजिकको प्रहरी कार्यालय, वैदेशिक रोजगार विभागमा, नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यलयमा वा कार्यसमितिलाई फोन गरी जानकारी गराउनुहुन र रकम माग गरेमा त्यसको प्रमाण राखी प्रहरी कार्यालयमा उजुर गर्नुहुन सूचित गरिन्छ ।

**कमल तामाङ**
**कार्यवाहक अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

### चुनावबाट...

स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ३ को उपदफा १, दफा ४ को उपदफा १ ले अन्य व्यवस्था गरेकोबारे प्रधानमन्त्रीलाई कानून व्यवासायीहरुले प्रष्ट पारेका थिए । ती कानून व्यवसायीहरुले वैशाखमा चुनाव गराउने भन्दा पनि ऐन संशोधन गरेर स्थानीय चुनावपछि गर्न सकिने कानूनी सहजताबारे सुझाव दिएका थिए ।

प्रधानमन्त्री देउवाका कानूनी सल्लाहकार रहेका महान्यायाधिवक्ता खम्बबहादुर खाती, पूर्व महान्यायाधिवक्ता श्रेष्ठ र अधिवक्ता गोविन्द बन्दीसँग सुझाव लिइएको थियो । तीनै जना सरकार नजिक रहेकाले यस्तो सुझाव दिनु अस्वभाविक होइन ।

### एकैपटक....

छ । यस सम्बन्धमा गरिने कुनैपनि अलमल, धोखाधडी र बहानाबाजी पार्टीलाई किमार्थ स्वीकार्य हुने छैन", एमालेले आइतबार जारी बक्तव्यमा उल्लेख छ । एमाले ताजा जनादेशको पक्षमा उभिएको भएपनि स्थानीय तहको निर्वाचन सार्ने पक्षमा भने नरहेको अध्यक्ष ओलीले बताएका हुन् ।

राज्यको श्रोत साधन सीमिति भएको र मतपत्रको आकारले नभ्याउने हुँदा सो विषय सम्भव नभएको राजनीतिक विश्लेषक डा. राजेश अहिराज बताउँछन्। "तीन तहको निर्वाचन एकैपटक गर भन्नु र निर्वाचन नगर भन्नु करिब-करिब उस्तै हो। राज्यका श्रोतसाधनको सीमितता र मतपत्रको आकारले नभ्याउने हुँदा यो विषय असम्भव नै देखिन्छ," विश्लेषक अहिराज बताउँछन् ।

तर, माओवादी केन्द्रका नेता लिलामणि पोखेल भने स्थानीय ऐन र संविधान एकआपसमा बाझिएको बताउँछन् । उनी भन्छन्, अहिलेको स्थानीय ऐन र संविधान बाँझिएको छ, "ऐनले निर्वाचन भएको मितिको २ महिना अगावै चुनाव सम्पन्न गर्नुपर्ने भन्छ । तर, संविधानले कार्यकाल सकिएको ६ महिनाभित्र निर्वाचन गनुपर्ने बताएको छ । तसर्थ, ऐन भन्दा संविधान ठूलो भएकोले उक्त ऐन स्वतः खारेज हुन्छ ।"

### सकिदै कार्यकाल

स्थानीय तहका पदाधिकारीको समय आगामी जेठमा सकिदैंछ । त्यस अगावै चुनावको मिति तय गरेर पुन जनप्रतिनिधि चयन गराउनुपर्ने संवैधानिक व्यवस्था नै छ। तर, गठबन्धन भने तीन तहकै चुनाव एकैपटक गराउन छलफलमा जुटेको छ। तर कुनैपनि चुनावको मिति तय हुनै सकेको छैन । गठबन्धनभित्रै आगामी मंसिरका लागि तीन तहकै चुनावको मिति तोकिनुपर्ने विषय पनि उठिरहेको छ ।

जेठमै स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भईसक्नुपर्ने संवैधानिक व्यवस्था हुँदा तोकिएकै समयमा निर्वाचन गर्नुपर्ने संविधानविद् भीमार्जुन आचार्य बताउँछन्। उनी भन्छन्, "संविधानले न चाँडो (अर्ली) न ढिलो (डिले) तोकिएको समय मै निर्वाचन हुनु पर्ने व्यवस्था गरेको छ । जसअनुसार प्रतिनिधि सभाको पाँच वर्ष (धारा ८५) (५ वर्ष ननघाएर) र स्थानीय तहको 'कार्यकाल (पाँच वर्ष) समाप्त भएको मितिले छ महिना भित्र'( धारा २२५) निर्वाचन सम्पन्न भैसक्नु पर्छ। कुन महिना, कुन बार र कुन साइतमा निर्वाचन भएमा कुन दलले जित्छ । संविधानले उल्लेख गरेको छैन ।"

### संक्रमित ....

देशभरको रिपोर्ट भने आइतबार घटेको छ। आइतबार १७,४३७ परीक्षण भएकोमा ६,४६२ जनामा संक्रमण पुष्टि भएको छ। यो भनेको संक्रमित दर ३७ प्रतिशत हो । शनिबार भने ५० प्रतिशत बढीमा संक्रमण पुष्टि भएको छ ।

शनिबार २०,१८७ जनामा परीक्षण गर्दा १०,२५४ जनामा संक्रमण पुष्टि भएको थियो। यो ५० प्रतिशत बढी हो। आइतबार निको हुने दर भने बढेको छ।

### शुरु....

आयोगबाट जारी भएको मतदाता परिचयपत्रका आधारमा पनि मतदान गर्न सकिनेछ ।

नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रका आधारमा निर्वाचक मण्डलको अन्तिम मतदाता नामावली विवरणसँग भिडाई यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाउन आयोगले सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ। राष्ट्रियसभामा आगामी २० फागुनमा रिक्त हुने १९ पदका लागि निर्वाचन हुन लागेको हो ।

### गृहले...

रुपमा जानेहरु र अन्तर्राष्ट्रिय कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि एवं अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था (आईएनजीओ)का प्रतिनिधि भई जानेहरू सहित बजार प्रवर्द्धनका लागि वैदेशिक रोजगार व्यवसायीलाई भ्रमण अनुमति दिने उल्लेख छ । वैदेशिक रोजगारमा जाने कामदारहरूलाई यसअघि पनि कुनै प्रतिवन्ध लगाएको छैन ।

कोरोना महामापीका कारण करीब बन्द अवस्थामा पुगेको वैदेशिक रोजगार सो भाइरसविरूद्धको खोप आएपछि केही महिना यता पुरानो लय पहिल्याउन प्रयासरत रहेको छ । वैदेशिक रोजगार व्यवसायीहरू कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनका कारणले अन्तर्राष्ट्रिय उडानमा पहिलेजस्तो प्रतिबन्ध नलागेमा वैदेशिक रोजगारमा नेपाली कामदार जाने क्रमले तीव्रता पाउन सक्ने बताउँछन् ।

खाडीका मुलुकले नेपाली कामदार लगिरहेका छन् भने मलेसियाले आगामी जनवरी २८ तारिखबाट नेपालीसहित विदेशी कामदार प्लान्टेशन क्षेत्रको रोजगारीमा लैजाने तयारी गरिरहेकाले व्यवसायीहरू उत्साहित देखिएका हुन ।

### श्रममन्त्रीको...

राख्दै उपचार र उद्धारका लागि पहल गरेका हुन् ।

शनिबार विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा जाजरकोटका आइस राना उपचार पाउन नसकी पीडाले छटपटाइरहेको तस्बिर र भिडियो प्रकाशित भएको थियो । त्यस लगत्तै मन्त्री श्रेष्ठले नेपाली दूतावासका श्रम सहचारी प्रेम उपाध्याय र भाषा अनुवादकलाई राना भएको ठाउँमा पठाइ उपचारका लागि स्थानीय अस्पतालमा लगेको थियो । रानाको अवस्था अहिले सामान्य रहेको नेपाली काउन्सिलर शत्रुघन पोखरेलले बताए ।

नेपाली दूतावासले रानासहित जेद्धामा अलपत्र परेका आठ जना नेपाली श्रमिकहरुको दैनिक खानाको प्रबन्ध गर्दै आएको भन्दै मन्त्री श्रेष्ठको निजी सचिवालयले आठमध्ये एकजना नेपाल फर्किसकेको बताएको छ। अन्य छ जना मंगलबार नेपाल फर्कनेछन् ।

रानालाई पनि नेपाल फर्कने टिकटको व्यवस्था गरिएको तर, उनको त्यहाँ पुलिस केस भएकोले एक्जीट पर्मिटको लागि समय लाग्ने नेपाली दूतावासले जनाएको छ । उनी बिरामी परेपछि नेपाल फर्कने व्यवस्थाका लागि नेपाली दूतावासले आइतबार नै साउदी अध्यागमनलाई पत्राचारसमेत गरेको नेपाली काउन्सिलर पोखरेलले बताए । मन्त्री श्रेष्ठले अलपत्र नेपाली श्रमिक उद्धारका लागि नेपाली दूतावास र श्रम सहचारीले गरेको प्रयासका लागि धन्यवाद व्यक्त गरेको पनि निजी सचिवालयले जनाएको छ ।



## Belaka Municipality
## Office of Municipal Executive

**Rampur, Udayapur**

**Province No. 1, Nepal**

### Invitation for Bids

**First Date of Publication: 24th January 2022 (2078 Magh 10)**

Belaka Municipality, Rampur Udayapur invites electronic bids from eligible bidders for the following construction works

| S.N. | Contract Identification Number | Description and Location of work | Estimated Cost With VAT & PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 11/BELAKA/ NCB/W/2078-079 | Construction of Compound Wall, Public Toilet, Truss Structure for stall, and River Training works for Agricultural Market | 99,82,535.66 | 2,50,000.00 | 3,000.00 |

Interested eligible bidders may obtain further information from Belaka Municipality Office, Rampur Udayapur or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/.

Bidders can download the Procurement Document from PPMO's website: https://www.bolpatra.gov.np/egp/ and have to submit their bids electronically through e-GP system of PPMO's website: https://www.bolpatra.gov.np/egp/.

**Chief Administrative Officer**

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**

**१ नं प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतगर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०७८।१०।१०)**

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुनअएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्रहरुको न्यूनतम मूल्यांकन भई सारभूतरुपमा प्रभावग्राहि भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मू.अ.कर. सहित |
|---|---|---|---|
| URL-Truss Roof-Bldng-W-NCB-05-078/79 | Construction of Additional Storeys of Truss Roof Building of Muinicipal Offfice, Urlabari Morang | श्री एस एण्ड एस निर्माण सेवा | १८,१४,६३२.१६ |
| URL/Road/Ward-1/ NCB/02/078/79 | Construction of Black Top Road from Ward no. 1 office to ward health post towards Milklajun Road | श्री सदेम्वा निर्माण सेवा, बिर्तामोड झापा | १९,६४,९१९.४७ |
| URL-Covered Hall-Bldng-W-NCB-06-078/79 | Construction of Badminton Covered Hall, Urlabari -6 | श्री सौरभ.कन्स्ट्रक्सन, इटहरी– ७, सुनसरी | १७,८९,६४६.८५ |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## गौरीगंज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**झापा**

**प्रदेश नं. १, नेपाल**

### कोरोना भाइरस सम्बन्धी नगरपालिका बासीहरुमा सचेतना

**कोरोना भाइरसको नँया भेरियन्ट 'ओमिक्रोन' बाट सुरक्षित हुन के गर्न सकिन्छ ?**



| भ्याकसिन लगाउनुहोस् | सुरक्षित सामाजिक दुरी कायम राख्नुहोस् | मास्क लगाउन नछुटाउनुहोस् | हाच्छ्युँ गर्दा कुहिनोले नाक–मुख ढाक्नुहोस् | बेला बेलामा हात धोइरहनुहोस् |
|---|---|---|---|---|

**कोरोना भाइरसबाट कसरी आफु र अरुलाई बचाउने ?**



ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने । घरबाहिर जाँदा अनिवार्य रूपमा मास्क लगाउने ।



खोक्दा वा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन-पानीले मिचिमिचि हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।



भिडभाडमा नजाने र अरुलाई पनि नजान सुझाव दिने ।



माथिका लक्षणहरू देखिए स्वास्थ्य केन्द्रमा तुरून्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।



बेलाबेलामा साबुन-पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।

## Bagmati Rural Municipality
## Office of Rural Municipal Executive,

**Bhattedanda, Lalitpur**

### Invitation for Bids

**Date of publication: 24-01-2022**

1. Bagmati Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| Name of the project | IFB Number | Bid Document Fee (Rs) | Bid Security Fee(Rs) | Estamated Amount excluding VAT(Rs) |
|---|---|---|---|---|
| Tinpane Radar Area Development Programme | BAGL/NCB/ WORKS/078/079-07 | 3000 | 480000.00 | 16102971.87 |
| Majhkhanda water supply project | BAGL/NCB/ WORKS/078/079-08 | 3000 | 115000.00 | 4725540.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Bagmati Rural Municipality, Bhattedada, Lalitpur, Bagmati Province, Bagmati Gaupalika, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Bagmati Rural Municipality, Bhattedada, Lalitpur, Bagmati Province, Bagmati Gaupalika, Nepal and the office Bagmati Rural Municipality, Bhattedada, Lalitpur, Bagmati Province, Bagmati Gaupalika, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as given in the table during office hours till deadline.
   OR
   Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Kumari Bank Ltd.,**
   **Name of the Office : Bagmati Rural Municipality**
   **Office Account No. : 0790034694200007,**
   **Rajaswa (revenue) Shirshak No. : ga-3**
4. Pre-bid meeting shall be held at the date and time given in the bid document.
5. Sealed or electronic bids must be submitted to the office Bagmati Rural Municipality, Bhattedada, Lalitpur, Bagmati Province, Bagmati Gaupalika, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 23-02-2022 12:00. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 23-02-2022 14:00 at the office of Bagmati Rural Municipality, Bhattedada, Lalitpur. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, equal to the amount as given in the table above, which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the bid-security in Bank:**
   Name of the Bank : Kumari Bank Ltd.
   Name of Office : Bagmati Rural Municipality Bhattedanda, Lalitpur
   Dharauti Khata Number : 0790034694200004 (ga-3)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

कोरोना सन्त्रास

# भारतबाट हुने आवतजावतमा रोक

**मध्यान्ह संवाददाता**
कञ्चनपुर, ९ माघ



कोरोनाको नयाँ भेरियन्ट 'ओमिक्रोन'को संक्रमण बढ्न थालेपछि पश्चिमी सीमा नाका गड्डाचौकी हुँदै भारतबाट हुने आवतजावतको कार्य बन्द गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी रामप्रसाद पाण्डेयको संयोजकत्वमा आइतबार बसेको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकले माघ ९ गते राति १२ बजेदेखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि अत्यावश्यक कार्यबाहेक सीमा नाकामा भारततर्फबाट हुने आवतजावत (साइकलमार्फत हुने क्यारिङ समेत) नगर्ने/ नगराउने निर्णय गरेको छ ।

अति आवश्यक कामले जानै पर्ने भए सोसँग सम्बन्धित कागजात र कोभिड-१९ विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटोसमेत भए हुने) अनिवार्यरूपमा सुरक्षाकर्मीलाई देखाउनुपर्ने नियम लागू गरिएको छ । विवाह, व्रतबन्ध जस्ता समाजिक कार्य गर्दा २५ जनाको संख्या नबढाई गर्ने र नित्य धार्मिक पूजा प्रार्थना बाहेकका धार्मिक भेला तथा कार्यक्रमहरु हाललाई सञ्चालन नगर्ने र एम्बुलेन्स सेवा प्रदायक संस्थाहरुलाई आफूले सञ्चालनमा ल्याइएका एम्बुलेन्सहरुमा अनिवार्यरूपमा जिपिएस राख्नुपर्नेछ ।

सरकारी निकाय, स्थानीय तह, गैरसरकारी निकाय, सङ्घसंस्था, पत्रकार महासंघलगायतका सरोकारवाला सबै संघसंस्थाको सहकार्य र समन्वयमा सबै पालिकामा अभियानका रूपमा जनचेतनामूलक कार्यक्रम र मास्क अभियान सञ्चालन गर्ने बैठकले निर्णय गरेको छ ।

कोरोना भाइरसको संक्रमण रोकथाम र न्यूनीकरणका लागि नेपाल सरकारको निर्णय सबै सुरक्षा निकायलगायत सबै सरोकारवाला निकायहरु र संघसंस्थाहरु समन्वयात्मक रूपमा परिचालन भई कार्यान्वयन गर्न बैठकले आग्रहसमेत गरेको छ ।

# अवैध औषधि बरामद

**रसुवा/मस**–अवैध औषधिसहित एक जनालाई रसुवा प्रहरीले पक्राउ गरेको छ । यसरी पक्राउ पर्नेमा सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे नगरपालिका-३ बस्ने ३१ वर्षीय प्रकाश बस्नेत रहेका छन् ।

चिनियाँ ब्रान्डको 'इङवेन सिआनाङ' नामक ४९० बट्टा अवैध रूपको औषधिसहित निजलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ । भन्सार परीक्षण भई सिलबन्दी गरेको ना६ख ३८१३ नं कन्टेनर डिब्बाको चालक सिट पछाडि राखी लुकाई छिपाई ल्याएको अवस्थामा धुन्चे प्रहरी चेक पोइन्टले पक्राउ गरको बताइएको छ ।

## जि.डि श्रेष्ठ ईन्टरप्राइजेज प्रा.लि खारेजीमा गएको लिक्वीडेटरको सूचना

कम्पनी ऐन,२०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको प्रा.लि नं १०५८५४ (दर्ता मिति २०५०।०५।११) को **जि.डि श्रेष्ठ ईन्टरप्राइजेज प्रा.लि** को मिति २०७८।०९।०७ मा बसेको विशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफै वा प्रतिनिधी मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी खारेजीमा लैजाने प्रक्रिया शुरु गरी खारेजी गरिने व्यहोरा जानकारी गराईन्छ ।

**लिक्विडेटरः कुमार राज जोशी (दामासाही व्यवसायी),** **इजाजतपत्र नं. २१४,**
**ठेगाना : बुद्धनगर, काठमाण्डौ,** **फोन नं ०१४७९३५५५,**
**मोवाईल नं. ९८५१०१८२८२,** **ईमेल :** joshikumar@gmail.com


## साउदीमा रोजगार | कम्पनी :ARABIAN PIPELINE & SERVICES CO. LTD (ANABEEB)
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३२०१ | LT. No.: 256698

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HD Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५६,९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १७ गते (31 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**हाइल्याण्डर इम्प्लाइमेन्ट कन्सल्टेन्सी प्रा. लि.**
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, नेपाल, इजाजत नं: २९१/०५८/५९
फोन: ४३५१५४०, फ्याक्सः नं: ४३५५९०२



## साउदीमा रोजगार | १. कम्पनी: ABEER FALEH IBN DHAFER AL SHAHRANI ICE CREAM SHOP
शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३१९६ | L.T. No.: 256334

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ice Cream Maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: BADRIYA TURKI AL ROQI TRANSPORT — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३१९५ | L.T. No.: 256588

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and Tea Maker and More | 1 | 0 | स. काममा दक्ष | 2200 | ६९,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: COFFEE CULTURE CAFE TO SERVE DRINKS — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३१७८ | L.T. No.: 256724

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker And More | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factor | 1 | 0 | | 1000 | ३१,६६० | | | | | | | |

४. कम्पनी: KHAIRAT AL-SURA FOUNDATION FOR MEALS — शहर : JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३१९८ | L.T. No.: 256464

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | स. काममा दक्ष | 1300 | ४१,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: Bakhit Bin Salem Bin Bakheet Al-Obaidi Foundation for Weddings and Events — शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३१९७ | L.T. No.: 256367

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: SHARMA GENERAL CONTRACTING CORPORATION — शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/१०/०९ | चलानी नं.: ६०१७३१९४ | L.T. No.: 256589

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १७ गते (31 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २ र ५ को निःशुल्क अन्यको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np


# Umakunda Rural Municipality
## Office of Rural Municipal Executive
Preeti, Ramechhap
Bagmati Province, Nepal

## Invitation for Bids

**First Date of Publication: 2078/10/10** ***(Jan 24, 2022)***

1. **Umakunda Rural Municipality** invites **Electronic bids** from eligible bidders for the **Following** under National Competitive Bidding-Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Umakunda Rural Municipality, Preeti, Ramechhap, Tel no. 046-691927,Website: www.umakundamun.gov.np** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder have only option to submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Sunrise Bank, Preeti Branch**
   **Name of Office: Umakunda Rural Municipality**
   **Antarik Rajashwo Khata No. : 0960568577703006**
4. Pre-bid meeting shall be held at **Umakunda Rural Municipality, Preeti, Ramechhap** Municipality On 14.00 **Noon** 2078/**10/25** ***(Feb 08, 2022)***.
5. Electronic bids must be submitted to the office **Umakunda Rural Municipality, Preeti, Ramechhap** through PPMO website www.bolpatra.gov.np/egp. On or before **12.00 noon** on **2078/11/12** ***(Feb 24, 2022)***.. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **On 14.00 Noon 2078/11/12** ***(Feb 24, 2022)***. At the **Umakunda Rural Municipality, Preeti, Ramechhap.**
7. Bids must be valid for a period of **90 (Ninety) days** after bid opening and must be accompanied by Scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:

   **Name of the Bank: Sunrise Bank, Preeti Branch**
   **Name of Office: Umakunda Rural Municipality**
   **Dharauti Khata No.:0960568577703003**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Description of Works:-**

| S.N. | Contract Identification No: | Description of Works | Estimated Amount, NRs (Including VAT & Ps) | Bidding Documents Fee NRs. (Non-refundable) | Bid Security Amounts NRs. |
|---|---|---|---|---|---|
| 1 | URM/RCH/ Agriculture Equipment's/NCB/11/2078-079 | Procurement Supply and Delivery of Agriculture Equipment's | 61,84,500.00 | 3000.00 | 1,55,000.00 |

**Ass. Chief Administrative Officer**

# गोकुलगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७८।१०।१० गते

प्रस्तुत बिषयमा यस गोकुलगंगा गाउँपालिका कार्यालयबाट मिति २०७८/०८ /१५ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिल बमोजिमको बोलपत्रदाताको न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभाग्राही देखिएकोले बोलपत्र स्वीकृतको लागि मुल्यांकन समितिबाट सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उफदफा २ र ३ र सोही ऐनको दफा ४७ प्रयोजनार्थ सम्वन्धित सबै फर्म को जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ |

तपशिल

| सि. न. | ठेक्का नं. | ठेक्का को नाम | छनौट भएका बोलपत्रदाता को नाम र ठेगाना | कबोल रकम (मु. अ.कर. सहित ) |
|---|---|---|---|---|
| १ | GRM/RCH/Optical Fiber/ NCB/01/078/079 | Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Rural Municipality, Ward Offices, Community Health Centers and Community school of Gokulganga Rural Municipality Through 12-Core Optical Fiber | UltraNet Communication Pvt.Ltd, Banepa Muncipality -7 | 82,75,050.62 |

**Chief Executive Officer**


**HOSPITALITY TRAINING**
Hilton Academy Pvt.Ltd. A great place for career
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।
नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं
सम्पर्क **Hilton Academy** of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# कानून तोड्ने होड

सत्ता साझेदार दलका नेताहरूले आफू निकट कानून व्यवसायीहरूसँग आइतबार स्थानीय चुनावबारे छलफल गरेका छन् । आफैले छनोट गरेका कानून व्यवसायीहरूले संविधानअनुसार स्थानीय चुनाव सम्बन्धी ऐन संशोधनको सुझाव दिएको छ । यस्तो सुझाव अपेक्षित नै थियो । किनकि कानून सचिव, प्रधानमन्त्रीका कानूनी सल्लाहकार र सत्तारूढ दल निकट कानून व्यावसायीले सरकारकै चाहनाअनुसार सुझाव दिने नै भए । नभन्दै वैशाखमा स्थानीय चुनाव नगर्नेगरी सरकारलाई सुझाव दिइएको छ । सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीको भनाइ पुष्टि गर्दै वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले संविधान अनुसार कानून संशोधनको सुझाव दिइएको बताए । श्रेष्ठ पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री हुँदा महान्यायाधिवक्ता थिए । त्यसैले प्रचण्डको अपेक्षाबमोजिम सुझाव दिएका थिए ।

छलफलमा सहभागी स्रोतका अनुसार, प्रधानमन्त्री शेरबहादुर देउवाले वैशाखमा चुनाव नहुँदा आइपर्ने समस्याबारे सुझाव मागेका थिए । छलफलको थालनि नै चुनाव नहुनेबाट शुरू भएपछि सुझाव फरक आउने अपेक्षा नै भएन । बरू सत्ता साझेदार दल र कानून व्यावसायीहरूबीच कानूनका छिद्रको खोज्ने प्रयत्न गरियो । स्थानीय निर्वाचन सम्बन्धी ऐनले स्थानीय चुनाव भएको सात दिनभित्र नयाँ नेतृत्वले शपथ लिनुपर्ने व्यवस्था गरेको छ । तर २०७४ मा स्थानीय चुनाव तीन तहमा भएको थियो । वैशाख ३१, असार १४ र असोज २ मा गरी झण्डै ६ महिनाको फरकमा चुनाव भएको थियो । पहिलो चरणको चुनावलाई आधार मान्दा आउने जेठ ६ गतेभित्र शपथ लिनेगरी नयाँ जनप्रतिनिधि आइसक्नुपर्नेछ ।

तर संविधानले भने कार्यकाल सकिएको ६ महिनाभित्र चुनाव गराउनुपर्ने व्यवस्था गरेको छ । त्यसैलाई आधार मानेर सत्तारूढ दल निकट कानून व्यवसायीहरूले ऐन संशोधनको सुझाव दिएका छन् । यो सुझावलाई आधार मान्दा आउने वैशाखमा स्थानीय चुनाव हुनेछैन । तर राजनीतिक प्रश्न भने उठिरहनेछ भने संविधानप्रति विपक्षी नेकपा एमालेले प्रश्न उठाउनेछ । आइतबार बक्तव्य जारी गरेरै एमालेले वैशाखमा चुनाव गराउनुपर्ने माग गरेका छन् । विपक्षी एमालेको माग मात्रै नभएर पाँच वर्षे स्थानीय सरकारको कार्यकाल वैशाखमा सकिने प्रष्ट हो । यसको अर्थ गठबन्धन दलहरू पनि संविधानको अपव्याख्या गर्नेतिर लागेका छन् । एमालेले प्रतिनिधिसभा विघटन गरेर संविधानमाथि धावा बोलेको बताइरहेको गठबन्धन फेरि त्यही बाटोमा हिडेको सन्देश पनि दिने प्रयास गरिएको छ ।

# उच्छृङ्खल राजनैतिक नेतृत्व

**जिउँदै इँटाभट्टामा जलाउनेदेखि देश विखण्डन गर्ने किसिमका अभिव्यक्ति दिनेसम्मका क्रियाकलापमा राजनैतिक दलका उच्च तहमा रहेका नेताहरु मुछिने गरेका घटना नौला होइनन् ।**

अग्रलेख



● गोविन्द विक

सार्वजनिक पद धारण गरेका राजनैतिक नेताहरुको उच्छृङ्खलपूर्ण अभिव्यक्तिले राजनीतिमा आत्मअनुशासनको विलय मात्र भएको छैन, राजनैतिक द्वन्द्व निम्तिने उत्तिकै जोखिम बढ्दै गइरहेको छ । जिउँदै इँटाभट्टामा जलाउनेदेखि देश विखण्डन गर्ने किसिमका अभिव्यक्ति दिनेसम्मका क्रियाकलापमा राजनैतिक दलका उच्च तहमा रहेका नेताहरु मुछिने गरेका घटना नौला होइनन् । विगतका घटनाहरुलाई हेर्ने हो भने पनि विभिन्न राजनैतिक दलका नेताहरु व्यक्ति हत्या र हिंसा भड्कीने अभिव्यक्ति दिएर पद गुमाएका र पुर्पक्षका लागि थुनामा गएका घटनाहरु हामी कसैबाट पनि छिपेका छैनन् । नेता प्रभु साह काशी तिवारीको हत्या प्रकरणमा मुछिए, नेता शरतसिंह भण्डारीले तराईका २२ जिल्ला टुक्रिएर छुट्टै राज्य बनाउने अभिव्यक्ति दिए, नेतृ शरिता गिरीले राष्ट्रिय अखण्डता सार्वभौमिकताविरुद्ध धावा बोलेको भनेर पार्टीको साधारण सदस्यबाट समेत निष्कासन हुनु पर्‍यो । पछिल्लो समय जनता समाजवादी पार्टीको कोटाबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्री बनेकी नेतृ रेणु यादवले गौरमा सहभागी एक कार्यक्रममा राजनैतिक असतुष्टी धार बोकेर हिडेको सिके राउत समुहलाई लक्षित गर्दै हिंसा भडकाउने अभिव्यक्ति दिएर राजनैतिक असहिष्णुता प्रदर्शन गरेकी छन् । अहिले चौतर्फी रुपमा नेतृ यादवको अभिव्यक्तिप्रति विरोधहरु भएका छन् ।



करिब १५ वर्षअघि गौरको राइस मिलमा तत्कालिन नेकपा (माओवादी) र तत्कालिन मधेशी जनधिकार फोरमका कार्यकर्ताबीच दोहोरो भिडन्त हुँदा माओवादीका २८ कार्यकर्ताहरुको क्रुरतापूर्वक हत्या भएको थियो । उक्त घटना सम्झदा अझै हामी झस्कीन्छौ । सो हत्या काण्डमा संलग्नहरुलाई कारबाहीको दायरामा ल्याउनका लागि राज्यले चासो नै दिएन भने तत्कालिन मधेशी फोरमका नेता उपेन्द्र यादवले घटना भवितव्य भएको र आफ्नो पार्टीको कुनै गल्ती नभएको जिकिर अझै गरिरहेकै छन् । तर, उपेन्द्र यादवकै पार्टीकी नेता रेणु यादवले सार्वजनिक रुपमै उक्त नरसंहार दोहोर्‍याइदिने अभिव्यक्ति दिनु संयोग मात्र मान्न नसकिने अवस्था छ । जब-जब राजनैतिक इमान्दारीताको खडेरी मौलाउदै जान्छ तब-तब राजनैतिक नेताहरुले आत्म अनुशासनलाई वेवास्ता गर्दै जान्छन् । राजनैतिक नेतृत्व नै अनुशासनमा बस्दैन । समाज भड्काउने व्यक्ति बहकाउने भाषणमा रमाउछ भने त्यसयता नेताहरुबाट जनताले कसरी न्यायको अपेक्षा गर्न सक्छन् ?

लोकतन्त्रमा विरोध गर्ने छुट संविधानले नै दिएको छ । फरक विचार राख्ने स्वतन्त्रता संविधानले रोकेको छैन । आ-आफ्नै सिद्धान्त र विचार बोकेर राजनैतिक दलहरु जनताको मन जित्ने प्रयत्नमा छन । कतिपयलाई यो व्यवस्था नै मन नपरिराखेको छ भने कतिपयलाई २०७२ को संविधान नै बेठिक लागेको हुन सक्छ । विभिन्न आस्थामा फरक विचार राखेर आ-आफ्नै तरिकाले दलहरुले असन्तुष्टी पोखिराखेका थिए र छन् । त्यही असन्तुष्टी मध्येको एक धार हो सिके राउतको दल । मन्त्री यादवको कार्यक्रममा कालो झण्डा देखाउने र कार्यक्रम विथोल्ने दाउमा सिके राउतका कार्यकर्ता सडकमा उत्रिँदा मन्त्री यादवलाई ठिक नलागेको हुन सक्छ । तर, त्यसरी ठिक लागेन भन्दैमा मन्त्री जस्तो मर्यादित पदमा रहेको व्यक्तिले हिंसा भड्कीने किसिमको अभिव्यक्ति दिनु आफैमा अशोभनीय चरित्र हो । राजनैतिक संस्कारको थीति बसाउने भनेको राजनैतिक दलका नेताहरुले नै हो । आफू रिस र आवेगमा आएँ भनेर सार्वजनिक पदको दुरुपयोग गर्दै मनलाग्दी गर्ने मनलाग्दी बोल्ने छुट कसैलाई पनि हुँदैन । सार्वजनिक अभिव्यक्ति दिँदा राज्यका निकायमा रहने नेतृत्वहरुले त झनै सचेत र सजग हुनुपर्ने हुन्छ । मन्त्री यादवको अभिव्यक्तिलाई आफूविरुद्ध कालो झन्डा देखाएको आक्रोशको रुपमा लिन त सकिएला तर, त्यसले आम नागारिकमा कस्तो सन्देश गयो भन्ने मुख्य कुरा हो । राजनैतिक दलका नेतृत्वहरु नै व्यक्ति नरसंहारका मतियार हुँदा रहेछन् भन्ने आशंका समेत गर्ने ठाउँ धेरै छन् ।

> “गलत प्रवृत्ति भएकाहरुलाई राजनैतिक संरक्षण गर्ने मान्यतालाई राजनैतिक दलहरुले व्यवहारिक रुपमा नै हटाउन आवश्यक छ । शक्ति र पदको चरम दुरुपयोग गर्ने प्रवृत्ति पछिल्लो समय निकै मौलाउदै गएको हुनाले आम नागारिकलाई यस्ता गतिविधिहरुले निकै निराशा बनाएको छ । दलका नेताहरुको अराजक कार्यशैलीहरुले जनतालाई आक्रोशित मात्र बनाएको छैन् उनीहरुप्रतिको विश्वाससमेत कम हुँदै गएको छ ।

जनताले राजनैतिक नेतृत्वबाट जहिले पनि न्याय र सुशासनको अपेक्षा गरिराखेको हुन्छ । राजनैतिक दलमार्फत नै देशको शासन व्यवस्था सञ्चालन हुने भएको हुँदा राजनैतिक नेतृत्वप्रति जनमानसको भरोसा र विश्वास गहिरो थियो र छ पनि । आम जनताको न्याय र सम्मानका लागि राजनैतिक दलप्रति आस्था राख्नेहरुको भिड समाजमा निकै ठूलो छ । कहिलेकाँही दलका नेतृत्वहरुको अव्यवहारिक र गैरजिम्मेवारपूर्ण कार्यशैलीका कारण कार्यकर्ताले ज्यान नै गुमाउनु पर्ने अवस्थालाई पनि नजरअन्दाज गर्न सकिन्न । त्यसैले बोल्दा व्यवहार गर्दा राजनैतिक दलका नेतृत्वहरुले निकै सचेत सजग रहनुपर्ने परिपाटीको विकास गर्न आवश्यक छ । अझ सार्वजनिक पदमा रहनेहरुले त आफ्नो बोलीको व्यवहारको कार्यशैलीको 'लिमिटेसन'लाई मुख्य रुपमा ध्यान दिन जरुरी छ । आफ्नो बोलीका कारण समाजमा हिंसा भड्कीयो भने त्यसको पहिलो असर समाज, सरकार सबैतिर पर्ने कुराप्रति राजनैतिक नेतृत्व चनाखो हुनुपर्ने हुन्छ । राजनीतिमा जे गर्न पनि छुट छ जे बोल्न पनि छुट छ भन्ने प्रवृत्तिलाई जरैदेखि उखेलेर फाल्नका लागि सबै राजनैतिक दलका नेताहरु प्रतिवद्ध नभएसम्म राजनैतिक इमान्दारीताको जग बसाउन कठिन हुन्छ । सुशासन र सहिष्णुको अभ्यास तलबाट हैन माथीबाट प्रारम्भ गर्न आवश्यक छ । फरक विचार र असन्तुष्टीलाई सहज रुपमा राजनैतिक नेतृत्वले ग्रहण गर्न नसक्ने हो भने लोकतन्त्रप्रतिको विश्वास कसरी गर्न सकिन्छ ? सार्वजनिक पदमा रहेर कसैको विरोधलाई प्रतिशोधको आँखाले हेर्ने हो भने त्यस्तो नेतृत्वले जनताको मर्म र भावनालाई कसरी सम्मान गर्न सक्छ ? नेतामा नेताकै गुण हुनु आवश्यक छ । नेताले राजनैतिक संस्कारीको विकास गराउन आफैबाट थालनी गर्नुपर्दछ ।

सार्वजनिक पदमा रहेर आराजनीतिक बन्ने राजनैतिक दलका नेताहरुलाई पार्टीले तत्काल हटाउने नीतिको विकास गर्न जरुरी छ । गलत प्रवृत्ति भएकाहरुलाई राजनैतिक संरक्षण गर्ने मान्यतालाई राजनैतिक दलहरुले व्यवहारिक रुपमा नै हटाउन आवश्यक छ । शक्ति र पदको चरम दुरुपयोग गर्ने प्रवृत्ति पछिल्लो समय निकै मौलाउदै गएको हुनाले आम नागारिकलाई यस्ता गतिविधिहरुले निकै निराशा बनाएको छ । दलका नेताहरुको अराजक कार्यशैलीहरुले जनतालाई आक्रोशित मात्र बनाएको छैन् उनीहरुप्रतिको विश्वाससमेत कम हुँदै गएको छ । राजनैतिक दलहरुले पार्टीभित्र गलत मान्यता बोक्ने र अराजनीतिक चरित्र देखाउनेहरुलाई तत्काल कारवाही गर्न किन सक्दैनन् ? पार्टीभित्रको एक नेताको कार्यशैली अभिव्यक्तिले सिंगो पार्टीलाई बदनाम गराउने र जनविश्वासप्रति नै दाग लगाउने प्रपञ्च हुन्छ भने त्यस्ता नेताहरुलाई पार्टीले किनारा लगाउन किन हच्किने ? दरिद्र मानसिकताले ग्रसित भएर समाजमा हिंसा र वैमनष्य मच्चाउने गतिविधिमा रहेका जोसुकैलाई पनि दल वा राज्यले सजाय दिने मान्यताका थालनी आजैबाट अहिलैबाट गर्नका लागि उच्च तहबाट नै अग्रसर नहुन्जेल राजनैतिक उच्छृङ्खलता मच्चिने जोखिम सधैँ रहिरहने पक्का नै छ ।

## सामाजिक सञ्जाल



**- तिर्थ प्रसाइँ**

कन्जरभेटिव मुद्दा र घोषणापत्र बोकेर कुनै दल चुनाव लड्न किन नपाउने ? फलानो पार्टी–महेन्द्रवादी, चुनाव चिन्ह– श्रीपेच भए पनि आपत्ति हुन मिल्छ ? बहुदलीय प्रतिस्पर्धा भनेको के हो ? अरूका दलीय एजेन्डालाई निषेध गरेर चुनाव लड्नु ? कि ती भन्दा बलिया एजेन्डा लिएर चुनाव लड्नु ?



**- किशोर पौडेल**

कुन समयमा निर्वाचन गराउने भन्ने निर्णय गर्ने काम सरकारको होइन निर्वाचन आयोगको हो । संविधानमा भएको आवधिक निर्वाचनको व्याख्या गर्न पनि नजान्ने पदाधिकारी छन । जब संवैधानिक आयोगहरू झोले बन्छन अनि यस्तै कानुनी व्याख्या गर्ने जिम्मा पाउछौं हामी वकिलहरू ।



**- रामहरि खतिवडा**

निर्वाचित निकाय देख्न नसक्ने, पुनःस्थापन भए भंग गर्ने, चुनावबाट दुई तिहाई मतदान गरेर बनेको सरकार चलाउन नसक्ने, संविधानअनुसार चुनाव हुन्छ भन्दा रून्ने, बाँदर जस्तो अरूको भत्काउने काम एमाले गर्दैछ ।



**- दुर्गा थापा**

नेपाल जस्तो गरिब देशको लागी चुनाब निकै खर्चिलो भएको कारण तीन वटै तहको निर्वाचन विधिसम्मत र वैज्ञानिक ढंगले एकैचोटी सम्पन्न गर्नु नै न्यायोचित र व्यवहारिक हुनेछ । देश लुटेको पैसाले भोट किनेर चुनाव जितेर सत्ता दोहोन गर्न तम्सेको एमालेले के भन्छ र भन्दैन् भन्ने विषयले कुनै अर्थ राख्दैन ।




**- सम्भू चौहान**

स्थानीय चुनावको मिति घोषणामा ढिलाइ किन ? कि एमाले देखाएर चुनावबाट भाग्न खोज्दैछ सरकार, एमाले फुटेको बेला चुनाव रूपी फेसो ठोक्न कांग्रेस किन डराएको घन बोक्ने माधव र प्रचण्ड हुँदाहुँदै ?

# पुँजीवादभित्र बढ्दो अन्तरविरोध

विश्व



● प्रभात पटनायक

